सीतादेवी यादवसहित २७ केन्द्रीय सदस्यको हस्ताक्षरसहित ज्ञापनपत्र

हस्ताक्षर नगर्ने बताएपछि २७ जनाले मात्र हस्ताक्षर गरेका छन् ।

कार्यतालिकाअनुसार काम नभएकाे

(बाँकी दुई पेजमा)

# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लालबन्दी, सर्लाही/प्रदेश नं. २, नेपाल

## बजार ठेक्कासँग सम्बन्धित सूचना

सूचना प्रकासित मिति २०७७/०६/१३

स्थानीय सरकार संचालन ऐन, २०७४, लालबन्दी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ र लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७७ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरु लालबन्दी नगरपालिकावाट स्वीकृत दर रेटमा आ.व.२०७७/०७८का लागि ठेक्का बन्दोवस्त गरी संकलन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुवाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७५/२०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)औं दिनको कार्यालय समय भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलवन्दी वोलपत्रहरु १६(सोह्र)औं दिनको मध्यान्ह १२:०० वजे भित्र पेश गर्नु हुन मिति २०७७/०६/१२ गतेको निर्णय अनुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| आ.आ. १४ | राँगा, मासु तथा सुंगुर वजार, नवलपुर | लालवन्दी न.पा., नवलपुर वजार | १,००,०००।०० | १,०००।- |
| आ.आ. १५ | गुदरी वजार, नवलपुर | लालवन्दी न.पा., नवलपुर वजार | ६,००,०००।०० | १,०००।- |

शर्तहरु

१. ठेक्का अवधि आ.व.२०७७/०७८ को बाँकी अवधी देखि २०७८ आषाण मसान्त सम्म हुनेछ ।
२. आफुले कवोल गरेको अंकको नेपाली नागरिक/फर्म भए ५ प्रतिशत र विदेशी नागरिक/फर्म भए १० प्रतिशत धरौटी यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक लालवन्दी शाखा स्थित धरौटी खाता नम्बर १२८०१००३०३००००२ मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलवन्दी वोलपत्र साथ पेश गर्नुपर्नेछ ।
३. वोलपत्रदाताले आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारवाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कवोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क वोलपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।
५. स्वीकृत वोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम वोलपत्र स्विकृत भएको मितिले ७(सात) दिन भित्र कुनै छुट नहुने गरी ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ३(तिन) महिना म्याद भएको कार्यसम्पादन जमानत बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरिनेछ र पट्टा उपलब्ध गराइनेछ । वोलपत्र दाताले कार्यसम्पादन जमानतको म्याद भित्र यस कार्यालयको खातामा जमानत वरावरको रकम दाखिला गरिसक्नु पर्नेछ । कुनै कारणले वोलपत्रदाताले वोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ ।
६. जुन व्यक्ति वा फर्मको नामवाट वोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामवाट मात्र वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामवाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीवाट पठाएको वोल पत्र स्वीकार्य हुने छैन । शिलवन्दी खाममा कुन ठेक्काको लागि वोल पत्र दाखिला गरेको हो स्पष्ट रपले खुलाउनु पर्नेछ । साथै वोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।
७. माथि उल्लेख भएको ठेक्काहरु मध्ये सवै वा छुट्टा छुट्टै रपमा वोलपत्र पेश गर्न सकिनेछ । उक्त वमोजिम पर्न आएको वोलपत्रहरु स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. यो सूचना प्रकाशित भएको मितिले ७(सात)औं दिन भित्र लालवन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र १ र २ नं. वडा कार्यालय, नेत्रगंजवाट वोलपत्र फाराम खरिद गरी ८(आठ)औं दिनको मध्यान्ह १२ :०० वजे भित्र सोही स्थानहरमा दर्ता गराउन सकिनेछ र सोही दिनको ०२:०० वजे वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भै सकेको वोलपत्र फिर्ता हुने छैन ।
९. वोलपत्र ठेक्का सम्वन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालवन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**- प्रमुख प्रशासकिय अधिकृत**